Naya Patrika

Shrawan - 6th

# नेपालीलाई फिलिपिन्समा पढ्ने व्यवस्था

**नयाँ पत्रिका**
**काठमाडौं, ६ साउन**

नेपाली विद्यार्थीले मासिक एक सय २० अमेरिकी डलरमा फिलिपिन्समा द हेल्थ केयर म्यानेजमेन्ट इन्टरनेसनल (एचसिएमआई) अध्ययन गर्न पाउने भएका छन्। फिलिपिन्स उच्च माध्यमिक शिक्षा आयोग (सिएचइडी) ले त्यहाँका सात मेडिकल कलेजमा नेपाली विद्यार्थीले अध्ययन गर्न पाउने व्यवस्था गरेको छ। आयोगले एचसिएमआई अध्ययन गर्ने व्यवस्था मिलाउन नेपाललाई अधिकृत प्रतिनिधि समेत तोकेको छ।

राजधानीमा आइतबार एचसिएमआई इन्टरनेसनलको कार्यक्रममा दिइएको जानकारीअनुसार एचसिएमआईको साढे चार वर्षे कोर्ष २४ देखि ३० हजार अमेरिक डलरमा पूरा गर्न सकिन्छ। मेडिकल साइन्स पढ्न रुचाउने तर आर्थिक अवस्था कम्जोर भएका विद्यार्थीलाई लक्षित गरी किस्ताका रूपमा शुल्क तिर्ने व्यवस्था रहेको कार्यक्रममा जानकारी गराइएको थियो।

आयोगले नेपाली विद्यार्थीले पढ्नका लागि युनिभर्सिटी अफ नर्दन फिलिपिन्स, डाभाओ मेडिकल स्कुल फाउन्डेन्सन, कागायान स्टेट युनिभर्सिटी, आवर लेडी अफ फतिमा युनिभर्सिटी, इमिलिओ अगुइनाल्डो कलेज, युनिभर्सिटी अफ इस्ट सामोन म्यागासेस र तारलाक स्टेट युनिभर्सिटी तोकिएको छ।

विद्यार्थीले यि शैक्षिक संस्थामा प्रि-क्लिनिकल, पार-क्लिनिकल र क्लिनिकल गरी तीन चरणमा अध्ययन हुने कोर्षको विभिन्न चरणमा बायोकेमेस्ट्री, प्याथोलोजी पलर्माकोलोजी, माइक्रोबायोलोजी, ओपिडी, स्त्रीरोग तथा बालरोग, सर्जरी, एनेस्थेसियोलोजी हाडजोर्नीलगायतका विषमा अध्यापन हुने कार्यक्रममा जानकारी गराइएको थियो।

विज्ञान विषयमा प्लस टु वा सो सरह उत्तीर्ण गरी कम्तीमा ५० प्रतिशत अंक ल्याएका विद्यार्थीले एचसिएमआईको कोर्ष पढ्न पाउँछन्।

दुई सयभन्दा बढी विद्यार्थीले यस विषयमा पढ्ने उत्सुकता देखाएका र नेपालमा मेडिकल साइन्सको कोटा अत्यन्तै कम भएकोले विद्यार्थीको चहानालाई मध्य नजार गरेर उनीहरूलाई सहयोग र परामर्श दिने उद्देश्यले नेपालमा एचसिएमआई कार्यालय स्थापना गरिएको महानिर्देशक मोहम्मद हसनले जानकारी दिए। उनले भनेर 'धेरै नेपाली विद्यार्थीको मेडिकल साइन्स पढने चाहनालाई यसले पूरा गर्नेछ।'

हसनले गुणस्तरीय शिक्षामार्फत नेपाल, भारत, संयुक्त राज्य अमेरिका, बेलायतलगायत विश्वका अन्य विकसित मुलुकको मागलाई दृष्टिगत गरी दक्ष जनशक्ति उत्पादन गर्न एचसिएमआईले छुट्टै शैक्षिक विभागसमेत स्थापन गरेको बताए।